United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४८ अङ्क २ मंसिर – फागुन, २०७७

Year - 48 Edition-2, December 2020 - March 2021

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा मानव समाजका प्रमुख विषयक्षेत्रलाई लिएर विश्वशान्ति र समृद्धिका लागि समर्पित युनेस्कोको अवधारणा तथा अभियानहरूलाई मार्गदर्शकका रूपमा अङ्गिकार गरी अगाडि बढिरहेको छ। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले यस आर्थिक वर्षको दोश्रो चौमासिकका लागि तोकिएका कार्यक्रमहरू मुलुकका विभिन्न स्थानमा सरोकारवालाहरूको व्यापक सहभागितामा सञ्चालन गरेको छ। दोश्रो चौमासिक अवधिमा मुलुकका सात वटै प्रदेशमा कुनै न कुनै कार्यक्रम सचिवालयमार्फत सञ्चालन गरिएका छन्।

यसका अतिरिक्त युनेस्को आयोग अन्तर्गत विभिन्न विषयगत समिति बैठकहरू बसी विभिन्न निर्णयहरू भएका छन्। यसैगरी युनेस्को सहभागितामूलक कार्यक्रम (२०२०–२०२१) अन्तर्गत विभिन्न विषय क्षेत्रमा ५ वटा कार्यक्रम स्वीकृत भई आएकोमा आयोग अन्तर्गतका सम्बन्धित समितिमा प्रस्तावकहरूबाट प्रस्तुतीकरण गर्न लगाई कार्य सञ्चालनको लागि सम्बन्धित संस्थाहरूबाट प्रस्तुत कार्ययोजना स्वीकृत गरियो। यसका अतिरिक्त कोभिड महामारीको कारण सिर्जित विशेष परिवेशमा सचिवालयबाट विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरू अनलाइन मार्फत सञ्चालन गर्नुको साथै सहभागिता जनाइएको छ। यस अङ्कमा यिनै विषयवस्तु समावेश गरिएका छन्।

## आर्थिक वर्ष २०७७/०७८ को दोस्रो चौमासिकमा सम्पादन गरिएका कार्यक्रमहरूको सार संक्षेप

### “युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार” सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयद्वारा आ. व. २०७७। ७८ मा “युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार” सम्बन्धी कार्यशाला गोष्ठी तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिका वडा नं. ४ सोल्मास्थित श्री रत्न माध्यमिक विद्यालयमा मिति २०७७ मङ्सिर १९ गते सञ्चालन गरियो। उक्त कार्यक्रममा निम्न विषयहरू माथि छलफल गरिएको थियो।
- युनेस्को आयोग र सचिवालयका गतिविधिहरुका सम्वन्धमा
- युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जालको सम्वन्धमा
- दिगो विकासका लक्ष्यहरुका सम्वन्धमा जानकारी गराई मूलतः दिगो विकासको **लक्ष्य नं. ४ को राष्ट्रिय कार्यढाँचा २०७६** को बारेमा र विशेष गरी ४.७ विश्व नागरिक शिक्षा,सांस्कृतिक विविधता, शैक्षिक नीति तर्जुमा आदिको बारेमा
- जलवायु परिवर्तनका असर र न्युनीकरणका लागि विश्व नागरिकको हैसियतले स्थानीय स्तरमा गर्नु पर्ने कार्यहरुको सम्वन्धमा
- पालिकामा भएका राम्रा अभ्यासहरु र अनुभवहरुको आदान प्रदान सम्बन्धमा
- विद्यालय, कार्यालय, समुदाय, घरपरिवारको वातावरण **Green, Clean, Peace** र **Safe** बनाउन कार्ययोजना तर्जुमा सम्बन्धमा

कार्यक्रमको सहजीकरण युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री युवराज पौडेल र शाखा अधिकृत श्री कुमार बस्नेतले गर्नु भएको थियो भने प्रमुख आतिथ्यता लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुन मावोहाङले गर्नु भएको थियो। यसैगरी



कार्यक्रमको अध्यक्षता शिक्षा विकास तथा समन्वय इकाइ तेह्रथुमका प्रमुख श्री लिलानाथ पोखरेलले गर्नु भएको थियो। उक्त कार्यक्रममा नगर प्रमुख, वडाध्यक्षहरू, वडा सदस्यहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, शिक्षा क्षेत्रमा क्रियाशील गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा सदस्यहरु, स्थानीय सरोकारवालाहरू लगायत ५० भन्दा बढी सम्बन्धित व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा उपर्युक्त बमोजिमका उद्धेश्यहरू पूरा हुने गरी सहजकर्ताहरूद्वारा विभिन्न प्रस्तुतीकरणहरु गरिएका थिए। लालीगुराँस नगरपालिकाको शैक्षिक विकासमा आफू लगायत पालिकाको टिम दत्तचित्त रहेको धारणा नगर प्रमुख श्री मावोहाङले व्यक्त गर्नु भएको थियो। यसैगरी दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा- २०७६ लाई स्थानीय परिवेशसँग समायोजन गरी तोकिएको समयभित्रै राष्ट्रिय लक्ष्य हासिल गर्नेतर्फ पालिकाले आफ्ना

प्रयासहरू केन्द्रित गर्ने धारणा समेत नगर प्रमुख श्री मावोहाङले व्यक्त गर्नु भएको थियो । कार्यक्रममा वडा नं. ८ का वडाध्यक्ष श्री तुलसीराम खनाल तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री जमुना मगरले पनि स्थानीय क्षेत्रको शिक्षा विकासको लागि भए गरेका प्रयासहरूको बारेमा जानकारी गराउँदै आगामी दिनमा समेत यस क्षेत्रको शैक्षिक विकास आफ्नो प्रमुख एजेण्डा रहेको धारणा व्यक्त गर्नु भएको थियो ।

यसैगरी युनेस्कोका नवप्रवर्तन कार्यक्रमहरुको प्रवोधिकरण महोत्तरी जिल्लाको मटिहानीमा मिति २०७७ साल मंसिर २१ गते सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा महोत्तरी जिल्लाका शिक्षाक्षेत्रसँग सम्बन्धित सरोकारवाला पक्ष, स्थानीय सरकारका प्रतिनिधिहरू, शिक्षक, विद्यार्थी एवम् संघ संस्थाहरूका पदाधिकारीहरू सहभागी रहनु भएको थियो । जसमा मटिहानी नगरपालिकाका मेयर श्री हरिप्रसाद मण्डल, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख श्री प्रतिभा साह, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सदस्य श्री केदार बहादुर कोइराला, वडा अध्यक्षहरू, सदस्यहरू, शिक्षासम्बन्धी गैर सरकारी संस्थाका प्रतिनिधिहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू तथा युनेस्को सचिवालयका पदाधिकारीहरू गरी जम्मा ४१ जनाको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन सत्रको सभापतित्व श्री राम माध्यमिक विद्यालय, मटिहानीका प्र. अ. श्री अजय कुमार पाण्डेयले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा मटिहानी नगरपालिकाका प्रमुख श्री हरि प्रसाद मण्डलले आथित्य ग्रहण गरी कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सदस्य श्री केदार बहादुर कोइराला, शिक्षा विकास तथा समन्वय इकाइ महोत्तरीका प्रमुख श्री प्रतिभा साह लगायतका महानुभावहरूले अतिथिको रूपमा उदघाटन सत्रमा सहभागिताका साथै मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरी युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री युवराज पौडेलले कार्यक्रमको औचित्य एवम् उद्देश्य माथि प्रकाश पार्नुका साथै सहभागी महानुभावहरूका लागि स्वागत मन्तव्य समेत व्यक्त गर्नुभएको थियो । कार्यक्रममा जम्मा चारवटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । उक्त कार्यक्रममा युनेस्को सचिवालयका तर्फबाट सहायक महासचिव डा. बाबुराम अधिकारी, सचिवालय सचिव श्री युवराज पौडेल, शाखा अधिकृत श्री कुमार बस्नेत तथा कम्प्युटर अधिकृत श्री पदमराज जोशीको सहभागिता रहनुका साथै निजहरूबाट कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

यसैगरी उपर्युक्त उद्धेश्य पूर्तिको लागि बाग्मती प्रदेश अन्तर्गत नुवाकोटको ककनीस्थित श्री नवजीवन माध्यमिक विद्यालयमा नगर/गाउँ शिक्षा समितिका पदाधिकारीहरू, स्रोत व्यक्तिहरू, न.पा/गा. पा. पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू एवम् विद्यार्थीहरू गरी जम्मा ३२ जनाको सहभागितामा कार्यक्रम सम्पन्न गरि एको थियो । यसैगरी सोही उद्धेश्यसँग सम्बन्धित कार्यक्रम गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको अजिरकोटमा अवस्थित श्री ज्ञानज्योती माध्यमिक विद्यालयमा सञ्चालन गरिएको थियो । उक्त दुबै स्थानमा कार्यक्रमको नेतृत्व युनेस्को आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारीले गर्नु भएको थियो भने उक्त कार्यक्रममा सम्बन्धित क्षेत्रका ५० जना भन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको थियो ।

## कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु







# युनेस्को संङग्रहालय ग्राम यज्ञडोल (जगडोल) सामुदायिक वन परियोजना तथा आयोजना इकाइ कार्यालयको उदघाटन

युनेस्को संङग्रहालय ग्राम यज्ञडोल (जगडोल) सामुदायिक वन परियोजना तथा आयोजना इकाइ कार्यालयको उदघाटन कार्यक्रम मिति २०७७ साल पौष १ गते युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको अध्यक्ष एवम् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेलबाट भएको थियो भने सो अवसरमा आयोगबाट प्रकाशित राष्ट्रिय बृहत् शहीद पार्क तथा युनेस्को सङ्ग्रहालय ग्राम निर्माण कार्ययोजना संग्रहित पुस्तकको विमोचन समेत माननीय मन्त्रीज्यूबाट गोकर्णेश्वर नगरपालिका वडा नं. ४ जगडोलमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको अवसरमा माननीय कृष्ण बहादुर राई, नगर प्रमुख श्री सन्तोष चालिसे, उपप्रमुख श्री शान्ति नेपाल, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी महानुभावहरू, युनेस्को सचिवालयका कर्मचारीहरू, जगडोल सामुदायिक वन व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा आयोगका अध्यक्ष एवम् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूले युनेस्कोका ५ वटै क्षेत्रहरू शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारसँग सम्बन्धित विषयहरूमा केन्द्रित तालिम तथा गोष्ठीहरू, अध्ययन, अनुसन्धान, अन्वेषण तथा आविष्कारको लागि क्षमता विकास जस्ता मूलभूत कुराहरू व्यवस्थापन गरी जैविक विविधता, वन र वातावरणसम्बन्धी शैक्षिक सूचना तथा विविध जातजातिका, भाषा, धर्म, संस्कृति झल्कने गरी युनेस्को सङ्ग्रहालय स्थापना गर्ने कार्यक्रम रहेको जानकारी गराउनु हुँदै उक्त कार्यमा युनेस्को सचिवालयको अग्रणी भूमिका रहने अपेक्षा राख्नु भएको थियो । त्यसैगरी नेपालमा रहेका मौलिक विषयहरू योग, ध्यान, विभिन्न संस्कृतिहरू, जडिबुटीहरूको अध्ययन अनुसन्धानका क्षेत्रमा क्रियाकलापहरू अगाडि बढाइने गरी योजना तर्जुमा गरिने कुरामा जोड दिनु भएको



थियो । युनेस्कोको ४ ओटा क्रियाकलापहरू **हरियाली, सरसफाइ, शान्ति र सुरक्षामा** केन्द्रित नीति निर्माण गरी उक्त पक्षहरूको प्रवर्धनको लागि युनेस्को पार्कको विकास गर्ने युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको कार्ययोजना रहेको वहाँले जानकारी गराउनु भयो। यसको विकास, विस्तार र उपयोगमा सबैको सहज पहुँच हुने गरी अगाडि बढ्नु पर्ने र यसको समृद्धिमा स्थानीय जनताको अपनत्व वृद्धि आजको आवश्यकता रहेको औंल्याउनु भयो । यसैगरी युनेस्को अध्ययन तथा अनुसन्धान केन्द्र, युनेस्को सङ्ग्रहालय ग्राम, युनेस्को पार्क निर्माण तथा विस्तार लगायत स्वीकृत गुरु योजना अनुसारका क्रियाकलापहरूलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन सम्बद्ध निकाय र पदाधिकारीहरू बिचको साझेदारिता र सहकार्यलाई मजबुत बनाउनु पर्ने धारणा वहाँले व्यक्त गर्नुभएको थियो।

यसैगरी तत्कालीन शिक्षा सचिव श्री गोपीनाथ मैनालीले समेत उक्त पार्क, युनेस्को अध्ययन केन्द्र तथा संग्रहालयको स्थलगत अवलोकन भ्रमण गरी उक्त कार्ययोजना बमोजिमका कार्यक्रमहरू अगाडि बढाउन मन्त्रालयको प्रयास केन्द्रित रहने बताउनु भयो । यसका अतिरिक्त युनेस्को काठमाडौंका प्रमुख क्रिश्चियन म्यानहाटले उक्त स्थलको विकासमा साझेदारिता गर्दै अघि बढ्न सकिने कुरा भ्रमणको क्रममा जानकारी गराउनु भएको थियो।







United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# दिगो विकास लक्ष्य ४ गुणस्तरीय शिक्षासम्बन्धी कार्यशाला कालिकोट र सुर्खेतमा सम्पन्न



दिगो विकासका लागि शिक्षासम्बन्धी कार्यशाला गोष्ठी कालिकोट जिल्लाको सदरमुकाम मान्ममा मिति २०७७ साल पौष ६ र ७ गते सञ्चालन गरिएको थियो। ५० जना भन्दा बढी सरोकारवालाको सहभागिता रहेको उक्त कार्यक्रममा युनेस्को सचिवालयका सचिव श्री युवराज पौडेल र शाखा अधिकृत श्री कुमार बस्नेतले सहजीकरण गर्नु भएको थियो। कार्यक्रममा दिगो विकास लक्ष्यहरु २०१५-२०३० को विषयमा चर्चा गर्नुको साथै लक्ष्य ४ "गुणस्तरीय शिक्षा" मा केन्द्रित छलफल चलाइएको थियो। यसैगरी लक्ष्य ४ सम्बन्धमा शिक्षा मन्त्रालयद्वारा स्वीकृत राष्ट्रिय कार्यढाँचाको विषयमा विस्तृत छलफल गराउँदै सो मुताविक स्थानीय योजना निर्माण गराउने अभ्यास समेत गराइएको थियो। कार्यढाँचाको स्थानीकरणमा सरोकारवालाहरूको प्रतिबद्धता प्राप्त भएको थियो। यसै विषयसँग सम्बन्धित कार्यक्रम २०७७ पुसको १० र ११ गते सुर्खेत जिल्लाको वराहताल गाउँपालिका वडा नं. २ रानीघाटमा अवस्थित श्री भेरी माध्यमिक विद्यालयमा सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा सो गाउँपालिका अध्यक्ष श्री तेजबहादुर बस्नेत, उपाध्यक्ष श्री शोभा शर्मा तथा वडा नं. २ का वडा अध्यक्ष श्री योवराज कार्की लगायत विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू, शिक्षकका पेशागत संघ संस्थाका प्रतिनिधिहरू, शिक्षा सम्बद्ध गैर सरकारी संस्थाका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समित र शिक्षक अभिभावक संघका पदाधिकारीहरू, बालक्लब, इको क्लबका सदस्यहरू, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख तथा अधिकृतहरू, गाउँपालिकाका शिक्षा शाखा प्रमुख लगायत सम्बन्धित निकाय तथा पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा गाउँपालिका अध्यक्ष श्री तेजबहादुर बस्नेतले गाउँपालिकाको शिक्षा विकासमा लिइएका सुधारका कदमहरू तथा भावी रणनीतिहरूको विषयमा प्रकाश पार्नुका साथै दिगो विकास लक्ष्य ४: गुणस्तरीय शिक्षा राष्ट्रिय कार्यढाँचा- २०७६ लाई स्थानीयकरण गरी तोकिएको समय भित्रै लक्ष्य प्राप्तिमा पालिका प्रयासरत रहेको धारणा व्यक्त गर्नुभएको थियो।



# विभिन्न समितिहरूको बैठक सम्पन्न

मिति २०७७ मङ्सिर र पुस महिनामा युनेस्को आयोग अन्तर्गत विषय समिति तथा विशेष समितिहरूका बैठक सम्पन्न गरिएको थियो । उक्त बैठकमा चालू आर्थिक वर्ष २०७७/०७८ को निम्ति विषय समित र विशेष समितिहरूको लागि विनियोजित बजेटबाट उक्त समितिमार्फत सञ्चालन गरिने कार्यक्रमहरुको विस्तृत प्रस्ताव सचिवालय समक्ष पेश गर्ने सम्बन्धमा छलफल तथा निर्णयहरू गरिए । उक्त बैठकमा आयोग अन्तर्गतका विभिन्न समितिका संयोजकहरू सहित सदस्यहरूको उपस्थिति रहेको थियो । सम्बन्धित समितिले आफूलाई प्राप्त वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितका क्रियाकलापहरू सचिवालयमा पेश गर्ने सम्बन्धमा सहमति गरिएको थियो ।



### "सांस्कृतिक सम्पदा (भौतिक/अभौतिक) संरक्षण एवम् सम्बर्धनमा युवा अभियान" विषयक कार्यशाला गोष्ठी काठमाडौंको बुढानीलकण्ठ लगायत तौलिहवा र मटिहानीमा सम्पन्न

आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा भौतिक/अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्धनमा युवा अभियान कार्यक्रम सांस्कृतिक हिसाबले महत्वपूर्ण स्थल काठमाडौंको बुढानीलकण्ठ, कपिलवस्तुको तौलिहवा र महोत्तरीको मटिहानीमा सम्पन्न गरिएको थियो । । पहिलो चरणको कार्यक्रम काठमाडौंको बुढानीलकण्ठमा मिति २०७७ माघ ८ र ९ गते सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा निम्न विषयवस्तुहरूमा प्रस्तुतीकरण तथा छलफल गरिएको थियो । भौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि, १९७२ को विषयमा डा. सुरेशसरश श्रेष्ठले प्रस्तुत गर्नु भएको थियो भने सांस्कृतिक सम्पदाको महत्व तथा त्यसको संरक्षण र सम्बर्धनमा युवाको भूमिका विषयमा उमेश रेग्मीले जानकारी गराउनु भएको थियो । यसैगरी अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि, २००३ को विषयमा डा. सोमबहादुर धिमालले सहजीकरण गर्नु भएको थियो भने अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी विधाहरू, तिनीहरूको महत्व, संरक्षणका उपायहरू तथा सूचना व्यवस्थापन प्रणालीको विषयमा समेत चर्चा गरिएको थियो । उक्त सेसनको सहजीकरण हरिवंश किराँतले गर्नु भएको थियो । यसैगरी अभौतिक सांस्कृतिक सम्पदा र युवा विषयमा दीपक सरकारले सहजीकरण गर्नु भएको थियो । सांस्कृतिक सम्पदाको संरक्षणमा युनेस्कोको भूमिका विषयमा निपुना श्रेष्ठले प्रस्तुत गर्नु भयो भने युवाहरूमा संस्कृति र सांस्कृतिक सम्पदाहरुको महत्वको बारेमा धारणा तथा व्यवहार विकास गराउने उद्धेश्यले बुढानीलकण्ठ मन्दिर परिसरभित्र अवस्थित सम्पदा र त्यस प्रति रहेको जनविश्वासको विषयमा जानकारी गराउन स्थलगत अवलोकन भ्रमण गराई मठाधिश लगायतका विशेषज्ञहरूसँग अन्तरक्रिया तथा सामुहिक छलफल चलाइएको थियो । बुढानीलकण्ठमा सञ्चालित कार्यक्रमको प्रमुख आतिथ्यता बुढानीलकण्ठ नगरपालिकाका प्रमुख श्री उद्दवप्रसाद खरेलले गर्नु भएको थियो भने कार्यक्रममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारीले कार्यक्रमको उद्धेश्य प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन सचिवालय सचिव श्री युवराज पौडेलले गर्नु भएको थियो । यसै कार्यक्रमको दोश्रो श्रृङ्खला कपिलवस्तुको तौलिहवामा मिति २०७७ माघ महिनाको २२ र २३ गते कपिलवस्तु नगरपालिकाका उपप्रमुख श्री लक्ष्मी गुप्ता सावको प्रमुख आतिथ्यतामा र तेश्रो श्रृङ्खला महोत्तरीको मटिहानीमा मटिहानी नगरपालिकाका प्रमुख श्री हरिप्रसाद मण्डलको प्रमुख आतिथ्यतामा मिति २०७७ माघ २८ र २९ गते सञ्चालन गरिएको थियो ।

उक्त दुबै स्थानमा छलफलका विषयवस्तु भने समान किसिमका रहेका थिए । तौलिहवामा सञ्चालित कार्यक्रममा ४५ भन्दा बढी स्थानीय युवाहरूको सहभागिता रहेको थियो भने कार्यक्रमको सहजीकरण युनेस्को सचिवालयका सचिव श्री युवराज पौडेल, संस्कृतिविद् डा. सोमबहादुर धिमाल र युनेस्को सचिवालयका कम्प्युटर अधिकृत श्री पदमराज जोशीले गर्नु भएको थियो । मटिहानीमा सञ्चालित कार्यक्रमको अध्यक्षता युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तर्गत रहेको संस्कृति समितिका संयोजक तथा मिथिला आर्टका अध्यक्ष श्री रमेश रञ्जन झाले गर्नु भएको थियो । युनेस्को सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारी, युनेस्को आयोग अन्तर्गत संस्कृति समितिका संयोजक श्री रमेश रञ्जन झा, युनेस्को आयोग अन्तर्गत संस्कृति समितिका सदस्य एवम् पद्यकन्या क्याम्पसका उप. प्राध्यापक श्री उमेश रेग्मी, मटिहानी तथा महोत्तरीको संस्कृति सम्पदाका धरोहर श्री ध्रुव राय तथा युनेस्को सचिवालयका कम्प्युटर अधिकृत श्री उषा पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

# तस्वीरहरु

















# 9th Asian Future Youth Project 2020 को Webinar मार्फत कार्यक्रम सम्पन्न

सामाजिक विकासका लागि सामुदायिक सिकाइ केन्द्रहरूको प्रवर्धन तथा क्षमता विकास नारा सहित COINN Japan को आयोजनामा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र युनेस्को काठमाडौं अफिसको सहकार्य तथा शिखरापुर सामुदायिक सिकाइ केन्द्र, फर्पिङको संयोजनमा देशै भरिका ७७ जिल्लाका ८० भन्दा बढी सामुदायिक सिकाइ केन्द्र तथा अन्य गरी जम्मा १०० जना भन्दा बढीको सहभागितामा 9th Asian Future Youth Project, मिति २०७७ पौष २१ गते भव्यताका साथ सम्पन्न भएको थियो। भौतिक दुरी कायम गर्नुपर्ने अहिलेको अवस्थालाई मध्यनजर गर्दै Webinar को आयोजना गरी Online माध्यमबाट कार्यक्रम सञ्चालन गरिएको थियो। उदघाटन कार्यक्रममा शिखरापुर सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष श्री श्याम के.सी. ले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो। COINN Japan का महासचिव हासिमोतो र कार्यक्रम संयोजक माकी अनलाइनमार्फत जापानबाटै कार्यक्रममा सहभागी हुनु भएको थियो। त्यसैगरी दक्षिणकाली नगरपालिकाका उपप्रमुख श्री बसन्ती डङ्गोल तामाङ, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारी, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी, युनेस्को काठमाडौं अफिस शिक्षा इकाइका कन्सलट्यान्ट डा. ध्रुवराज रेग्मीले आ-आफ्ना भनाइहरू राख्नु भएको थियो।

उक्त कार्यक्रममा सामुदायिक सिकाइ केन्द्र भनेको औपचारिक शिक्षा प्रणाली भन्दा बाहिर ग्रामीण वा शहरी समुदायको स्थानीय व्यक्तिहरूका लागि स्थानीय जनताद्वारा व्यवस्थापन जिम्मा लिइएको स्थानीय विकास र परिवार उन्मुख सिकाइको निमित्त स्रोतहरू उपलब्ध गराउने स्थानीय शैक्षिक संस्था हो। यसले सिकाइका विभिन्न अवसरहरू प्रदान गरी सामुदायिक विकास र जनताको जीवनस्तर सुधारको लागि शैक्षिक अवसर प्रदान गर्दछ भन्ने कुरामा विशेष जोड दिइएको थियो। त्यसैगरी उक्त कार्यक्रममा सामुदायिक सिकाइ केन्द्रबाट निरन्तर शिक्षा, समुदायको तल्लो तहसम्म सेवा, समुदायको विकास र सम्बर्धन, समुदायको निर्देशन अनुसार समुदायको सेवा, समुदायका व्यक्तिहरूको आकांक्षा र चाहना अनुरूपका कार्यक्रम सञ्चालन गराउने प्रयत्न गरिएको भन्ने विचारहरू व्यक्त भएका थिए।

उदघाटन कार्यक्रम पश्चात् प्राविधिक सत्रको आयोजना गरिएको थियो। उक्त सेसनमा ७७ जिल्लाका करिब ८० सामुदायिक सिकाइ केन्द्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। प्राविधिक सत्रको सहजीकरण सामुदायिक सिकाइ केन्द्रको विकास तथा सुदृढिकरण अभियानमा लाग्नु भएका गोरखाका श्री विशेश्वर कट्टेल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका शाखा अधिकृत श्री विमला मिश्र, शिखरापुर सामुदायिक सिकाइ केन्द्रका श्री निरोज श्रेष्ठ, COINN Japan परियोजना संयोजक श्री माकी हागेसवा, युनेस्को काठमाडौं शिक्षा इकाइका कार्यक्रम संयोजक श्री प्रतिभा श्रेष्ठले गर्नु भएको थियो।

# युनेस्को किङ सिजोङ साक्षरता पुरस्कार २०२० (The UNESCO King Sejong Literacy Prize 2020)

मिति २०७७ माघ ५ गते (तदनुसार १८ जनवरी २०२१) का दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा आयोजित कार्यक्रममा शिक्षा मन्त्री माननीय कृष्ण गोपाल श्रेष्ठले एजिङ् नेपाल (Ageing Nepal) का अध्यक्ष कृष्ण मुरारी गौतम (चटयाङ् मास्टर) लाई किङ् सेजोङ् युनेस्को पुरस्कार हस्तान्तरण गर्नुभयो। पुरस्कार राशि २० हजार अमेरिकी डलर र प्रमाणपत्र रहेको थियो। उक्त कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले नेपालको शैक्षिक विकासको लागि कार्यरत एजिङ नेपाल नामक संस्थाले अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गरी यत्रो ठूलो राशिको पुस्कारसहित सम्मानित हुँदा समग्र मुलुकको शिक्षा क्षेत्र नै गौरवान्वित भएको भन्दै उक्त संस्थालाई धन्यवाद दिँदै आगामी दिनमा एजिङ नेपालको समग्र टिम नयाँ अभियानका साथ शैक्षिक विकासमा समाहित हुने अपेक्षा व्यक्त गर्नु भयो।

सो कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव श्री गोपीनाथ मैनाली, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारी, युनेस्को काठमाडौं कार्यालयका प्रमुख श्री क्रिश्चियन म्यानहाट, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव तथा उपसचिवहरू, युनेस्को काठमाडौं, युनेस्को सचिवालय तथा एजिङ् नेपालका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

एजिङ् नेपाल नामक संस्थाले जेष्ठ नागरिक आधारभूत शिक्षा पाठ्यक्रम समेत तयार गरी जेष्ठ नागरिकलाई साक्षर बनाउँदै आएको छ। उक्त संस्थाले बुढानीलकण्ठ, गोकर्णेश्वर लगायत स्थानमा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्दै आएको छ। संस्थाले हालसम्म १८० जना महिलालाई साक्षर बनाइसकेको जानकारी सो संस्थाका अध्यक्ष श्री कृष्ण मुरारी गौतमले गराउनु भएको थियो।

युनेस्को मुख्यालयले साक्षरताका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्थाहरूलाई वर्षेनी किङ् सेजोङ् र कन्फ्युसियस पुरस्कार प्रदान गर्दै आएको छ। झण्डै दशक अघि शिक्षा मन्त्रालय अन्तर्गतको तत्कालिन अनौपचारिक शिक्षा केन्द्रले कन्फ्युसियस पुरस्कार पाइसकेको थियो।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

## कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु





# युनेस्कोका विषयमा आधारित सार्वजनिक परीक्षण विषयक कार्यक्रम सम्पन्न



युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको “युनेस्कोका विषयमा आधारित सार्वजनिक परीक्षण” विषयक कार्यक्रम मिति २०७७ फागुन १४ गते सल्यान जिल्लाको खलङ्गामा आयोजना गरिएको थियो। उक्त कार्यक्रममा सल्यान जिल्ला अन्तर्गत शारदा नगरपालिकाका प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख, शारदा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापहरू, स्थानीयस्तरमा शिक्षा, संस्कृति, विज्ञान प्रविधि, आमसञ्चार तथा सामाजिक क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रमुख वा प्रतिनिधि, स्थानीय क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरू, सञ्चार क्षेत्रमा कार्यरत स्थानीय पत्रकार तथा सम्वाददाता, माध्यमिक तहका शिक्षकहरू, युनेस्को क्लब तथा संघसंस्थाका प्रतिनिधि, स्थानीय क्याम्पसमा अध्ययनरत विद्यार्थी र जिल्लास्थित शिक्षक महासंघका प्रतिनिधिहरूलाई आमन्त्रण गरिएको थियो। जसमा उल्लिखित क्षेत्रको प्रतिनिधित्व गर्दै जम्मा २७ जनाको सहभागितमा कार्यक्रम सम्पन्न गरिएको थियो। जिल्ला समन्वय समितिका प्रमुख श्री केशबहादुर विष्टले कार्यक्रम अवधिभर सहभागिता जनाउनु भएको थियो।

उक्त कार्यक्रमको सञ्चालन युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका कम्प्युटर अधिकृत श्री पदमराज जोशीले गर्नु भएको थियो भने युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री युवराज पौडेलले कार्यक्रमको औचित्य एवम् उद्देश्य माथि प्रकाश पार्नु भएको थियो। जिल्ला समन्वय समिति, सल्यानका प्रमुख श्री केशबहादुर विष्टले कार्यक्रममा शुभकामना मन्तव्य सहित सहभागीहरूलाई स्वागत गर्नु भएको थियो। उक्त एक दिने कार्यक्रममा पहिलो प्रस्तुती युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री युवराज पौडेलले संयुक्त राष्ट्र संघको बारेमा गर्नु भएको थियो। संयुक्त राष्ट्र संघको स्थापना, उद्देश्य, अंगहरू, संस्थाहरू, विशिष्टिकृत संस्थाहरू, अन्य संस्थाहरूका साथै भूमिकाको बारेमा वहाँले बताउनु भयो। प्रस्तुतीकरणको सिलसिलामा वहाँले संयुक्त राष्ट्र संघले गर्ने कार्यको बारेमा समेत जानकारी गराउनु भएको थियो।

दोश्रो प्रस्तुतीकरण युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका कम्प्युटर अधिकृत श्री पदमराज जोशीले गर्नु भएको थियो। वहाँले युनेस्कोको परिचयात्मक प्रस्तुतीकरण गर्नु भएको थियो। युनेस्कोको स्थापना, आदर्श, सदस्यताका साथै युनेस्को आयोगको परिचय समेत प्रस्तुतीकरणमा समावेश गरिएको थियो। युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल (एएसपीनेट) को बारेमा जानकारीमूलक प्रस्तुतीकरण गर्नु भएको थियो। युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल के हो? यो कसरी स्थापना भयो? यसले के के कार्य गर्दछ? यसमा कसरी आवद्ध भई कार्य गर्न सकिन्छ? भन्ने बारेमा जानकारी गराउनुका साथै धेरै भन्दा धेरै विद्यालयहरू यस संस्थामा आवद्ध हुनु पर्नेमा जोड दिनु भई शिक्षाको विकासमा विशेष भूमिका खेल्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो। युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालमा आवद्ध हुनका लागि परियोजना

प्रस्ताव तयारीको विषयमा विद्यालयहरूलाई सामान्य जानकारी हुनुपर्ने भएकोले वहाँले परियोजना प्रस्ताव कसरी तयार गरिन्छ र यो तयारीको क्रममा के के कुरामा विचार पुर्याउनु पर्छ भन्ने कुरामा महत्वपूर्ण जानकारी दिनु भएको थियो। परियोजनाको प्रतिवेदनमा के के कुरा समावेश गर्नु पर्ने रहेछ भन्ने बारेमा समेत बताउनु भएको थियो। परियोजना सञ्चालन गर्दा के कस्ता कार्ययोजना गर्नु उपयुक्त हुन्छ? ती कार्य योजनालाई कसरी लागु गर्नुपर्छ? भन्ने विषयमा प्रकाश पार्नु भएको थियो।

यस कार्यक्रमले युनेस्कोका विषय क्षेत्रमा स्थानीय स्तरमा भइ रहेका क्रियाकलापहरूको कार्य प्रगतिको विषयमा सहभागीहरूमा उत्सुकता जागृत भएको पाइयो। युनेस्कोले देशका विभिन्न स्थानमा कार्यक्रमहरू सञ्चालन गर्दै रहन सकेमा सहभागीहरूका यस्ता जिज्ञासाहरू सम्बोधन हुँदै जानुको साथै यसका गतिविधिहरूको विषयमा प्रचारप्रसार भई युनेस्कोका आदर्श, उद्धेश्य र मूल्य मान्यताहरूलाई स्थानीय स्तरसम्म पुर्याउन सहज वातावरण निर्माण हुने देखिन्छ। यस्ता कार्यक्रमहरूले नागरिकहरूमा आपसी सद्भाव, सहकार्य र मेलमिलापको वातावरणमा अभिवृद्धि गर्दै मानव मस्तिष्कमा शान्तिको प्रवर्धन गर्दै स्थानीय संस्कृति र सम्पदाहरूको संरक्षण र संवर्धनमा समेत उल्लेखनीय भूमिका निर्वाह गर्नेतर्फ नागरिकहरूको क्रियाशीलता बढाउने अपेक्षा गर्न सकिन्छ।

यसैसँग सम्वन्धित कार्यक्रम देशका चार स्थानमा सञ्चालन गर्ने कार्यक्रम मुताविक २०७७ फागुन १६ गते रुकुम पश्चिमको मुसिकोटमा, चैत्र महिनाको २० गते शुक्रवार सप्तरी जिल्लाको राजविराजमा र चैत्र २२ गते आइतवार रौतहट जिल्लाको गौरमा सञ्चालन गरिएको थियो। राजविराजको कार्यक्रममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सदस्य संविधानसभाका माननीय सभासद श्री रञ्जु झाको समेत उपस्थिति रहेको थियो भने कार्यक्रममा माननीय रञ्जु झा र युनेस्को सचिवालयका कम्प्युटर अधिकृत श्री पदमराज जोशीले सहजीकरण गर्नु भएको थियो।






# युनेस्को क्लबसम्बन्धी नेतृत्व विकास तालिम सम्पन्न

युनेस्को क्लब तथा संघ संस्थाहरूको राष्ट्रिय महासंघको आयोजना तथा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको सहयोगमा मिति २०७७।११।२३ गते बाँकेको नेपालगञ्जमा युनेस्को क्लबसम्बन्धी नेतृत्व विकास तालिम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै नेपालगञ्ज उप महानगरपालिकाका प्रमुख डा. धवल समशेर राणाले महासंघको यस प्रकारको तालिमवाट सहभागीहरूमा आत्म विश्वासका साथ नेतृत्व तहमा कार्य गर्न सहयोग हुने बताउनु भएको थियो । उहाँले युनेस्को क्लबहरूले गरेका कार्यहरूको प्रशंसा गर्नु हुँदै युनेस्कोको एउटा उद्देश्य संस्कृति सम्बन्धी अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि उप महानगरपालिका सहकार्य गर्न तत्पर रहेको धारणा व्यक्त गर्नु भयो । कार्यक्रमका विशिष्ट अतिथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारीले युनेस्कोका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूका बारेमा जानकारी दिने क्रममा युनेस्कोका लक्ष्यहरू आत्मसात् गर्दै जान सके समाजमा शान्ति कायम हुनुका साथै समृद्धि हासिल गर्नमा सहयोग पुग्ने धारणा राख्नु भएको थियो । उक्त महासंघका अध्यक्ष श्री आनन्दराज त्रिपाठीको अध्यक्षतामा भएको सो कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष दिपक सरकारले तालिमको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा आयोगको सचिवालयका कम्प्युटर अधिकृत श्री उषा पोखरेल, महासंघका महासचिव श्री महेश्वर प्रसाद शर्माले युनेस्को एएसपिनेटका बारेमा जानकारी दिनु हुँदै सोको सदस्यता लिने बारेमा बताउनु भएको थियो ।

यसै गरी युनेस्को क्लब तथा संघ संस्थाहरूको राष्ट्रिय महासंघको आयोजना तथा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको सहयोगमा कञ्चनपुरको महेन्द्रनगरमा युनेस्को क्लबसम्बन्धी नेतृत्व विकास तालिम सम्पन्न भयो । उक्त कार्यक्रममा



प्रमुख अतिथिको रूपमा युनेस्कोका निमित्त नेपाल राष्ट्रयि आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारीले प्रमुख अतिथिको आशनवाट बोल्नु हुँदै युनेस्कोका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूका बारेमा जानकारी दिनुहुँदै युनेस्को क्लबहरूले गरेका कार्यहरूको प्रशंसा गर्नु भयो । उहाँले युनेस्को क्लवहरू युनेस्कोको एउटा उद्देश्य संस्कृति सम्बन्धी अमूर्त सांकृतिक सम्पदाको संरक्षणको लागि विशेष रूपमा लागी परी क्लबहरूको सक्रियता थप बढ्दै जानु पर्ने आजको टड्कारो आवश्यकता रहेको बताउनु भयो । नेपालगञ्जमा झैं यस कार्यक्रममा पनि महासंघका अध्यक्ष श्री आनन्द राज त्रिपाठीले अध्यक्षता गर्नुका साथै महासंघका वरिष्ठ उपाध्यक्ष दिपक सरकारले तालिमको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहजीकरण आयोगको सचिवालयका कम्प्युटर अधिकृत श्री उषा पोखरेल, महासंघका महासचिव श्री महेश्वर प्रसाद शर्मा लगायतले गर्नु भएको थियो ।

यसैगरी यो कार्यक्रम जाजरकोटको सदरमुकाम खलङ्गामा पनि सञ्चालन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख श्री मानबहादुर रावलले युनेस्कोका यस प्रकारका गतिविधि यस जिल्लामा पहिलो पटक भएकोमा खुसी व्यक्त गर्नुहुँदै यसका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरूका वारेमा जानकारी पाउनु प्रशंसनीय पक्ष रहेको धारणा राख्नु भएको थियो । उहाँले समन्वय समिति महासंघसँग हातेमालो गर्दै अगाडि बढ्न इच्छुक रहेकोसमेत बताउनु भयो । उहाँले जाजरकोट जिल्लामा अवस्थित युनेस्को क्लबहरूले गरेका कार्यहरूको प्रशंसा गर्नुहुँदै मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धनमा युवा अभियान सञ्चालन गर्नुका साथै युनेस्कोका आदर्श र मूल्य मान्यताहरूलाई समाजका हरेक तहमा पुर्याई शान्त र समृद्ध समाज निर्माणमा युवाहरूको क्रियाशीलता सदा अपेक्षित रहेको धारणा राख्नु भयो । कार्यक्रमका विशिष्ट अतिथि वारेकोट गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र शाहले यस प्रकारका कार्यक्रममा सहजीकरण गर्नु आफ्नो रुचिको विषय भएको जानकारी गराउनु भयो । यसैगरी कार्यक्रमका अर्का विशिष्ट अतिथिहरू जिल्ला समन्वय समिति जाजरकोटका सदस्य तथा गैसस कर्णाली प्रदेशका अध्यक्ष लगायतले कार्यक्रमको उपादेयताका बारेमा प्रकाश पार्नु भएको थियो ।

महासंघका अध्यक्ष श्री आनन्द राज त्रिपाठीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा महासंघका महासचिव श्री महेश्वर प्रसाद शर्माले तालिमको महत्वका वारेमा बताउनु हुँदै युनेस्कोको राष्ट्रिय र अन्तराष्ट्रिय गतिविधि, युनेस्को एएसपिनेटका बारेमा जानकारीका साथै महासंघ र क्लबहरूका कार्यहरू बारेमा प्रकाश पार्नु भएको थियो । यस्तै कार्यक्रम २०७७ मंसिरमा तनहुँको दमौलीमा समेत सञ्चालन भएको थियो । उक्त कार्यक्रममा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव डा. बाबुराम अधिकारी र कम्प्युटर अधिकृत श्री उषा पोखरेलको उपस्थिति रहेको थियो ।

## कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु








# Mitsubishi Asian Children's Enikki Festa 2019-2020 को पुरस्कार वितरण कार्यक्रम

Mitsubishi Asian Children's Enikki Festa 2019-2020 एसियाका बालबालिकाहरूलाई उनीहरूको चित्र डायरी मार्फत एक आपसमा परिचित गराउने तथा आफ्नो कला र संस्कृतिलाई एसियाका अन्य भागमा प्रचार प्रसार गर्न गराउनका लागि Mitsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations/ National Federation of UNESCO Associations in Japan को आयोजनामा नेपालमा युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदवार, काठमाडौंले राष्ट्रव्यापी रूपमा आव्हान गरी आयोजित बालचित्र कला प्रतियोगिता हो ।

यस कार्यक्रममा ६ देखि १२ वर्ष उमेरका बालबालिकाहरूलाई "यही हो मेरो जीवन" विषयसँग सम्बन्धित प्रति विद्यार्थी ५ वटा फरक फरक चित्रहरूको डायरी बनाउनका लागि राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । यस्तै आ–आफ्नो जिल्लाबाट विद्यार्थीलाई चित्र डायरी बनाउन अभिप्रेरित गर्न ७ ओटै प्रदेशबाट शिक्षा विकास तथा समन्वय



इकाइ समेतलाई अनुरोध गरिएको थियो । देशभरका बालबालिकालाई यस कार्यक्रममा संलग्न गराउने उद्देश्यले प्रति बालबालिका Drawing Sheet -5, Colour-1, Pencil -1, Eraser -1 / Pencil Sharpener -1 उपलब्ध गराउने गरी सम्बन्धित समन्वय इकाइहरूमा सामग्री पठाइएको थियो ।

# अवार्ड विजेता बालबालिकाहरूको विवरण

| क्र. सं. | पुरस्कृतको नाम, थर | विद्यालयको नाम र ठेगाना | प्राप्त अवार्ड | उपलब्ध नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री मनिषा गुरुधामी | श्री बैजनाथ मावि, तिलकपुर, कञ्चनपुर | Grand Prix Award | १,३९,४०० । – | विद्यालयमा आर्ट कर्नर स्थापनाको लागि रु. ९२,९६०/- |
| २. | श्री ब्रिसिका तामाङ्ग | श्री महमाइ आधारभूत विद्यालय, इलाम-९, इलाम | Excellence Award | ६९७२/- | |
| ३. | श्री प्रेममाला यादव | श्री सिद्धार्थ मावि चिनीमिल, वीरगञ्ज, पर्सा | Mitsubishi PAC Award | ६९७२/- | |
| ४. | श्री अविनाश रेग्मी | श्री गुडस्टार बेर्डिङ्ग स्कुल, धुनिवेंसी-६, धार्केबजार, धादिङ्ग | AFUCA Award | ६९७२/- | |
| ५. | श्री भावना भुजेल | श्री तरुण मावि बालाजु, काठमाडौं | NFUJA Award | ६९७२/- | |
| ६. | श्री अनुस्का कुमारी | श्री नीलबाराही मावि, काठमाडौं | Excellence Award | ६९७२/- | |
| ७. | श्री पूर्णिमा बुढाथोकी | श्री जयबागेश्वरी मावि नेपालगञ्ज, बाँके | Excellence Award | ६९७२/- | |
| ८. | श्री सन्ध्या शाही | श्री जनसेवा मावि धुम्रा, सुर्खेत | Excellence Award | ६९७२/- | |

यस कार्यक्रममा ४६८ बालबालिकाहरूको चित्र डायरी प्राप्त भएको थियो । प्राप्त बालचित्रलाई केन्द्रमा सम्बन्धित सरोकारवालाहरू समक्ष प्रदर्शन गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो । मिति २०७६ साल माघ ६ र ७ गतेसम्म नेपाल आर्ट काउन्सिलको हलमा आयोजित राष्ट्रिय बालचित्र डायरी प्रर्दशनीमा प्रदर्शित चित्र डायरीहरू मध्ये वरिष्ठ कलाकारहरूको मूल्याङ्कन समितिबाट ८ बाट बालबालिकाका उत्कृष्ट बालचित्र डायरी छनौट गरी जापानमा हुने अन्तर्राष्ट्रिय प्रदर्शनीमा सहभागी गराउन चित्र डायरीहरू पठाइएको थियो । यसरी पठाइएका चित्र डायरी मध्ये Grand Prix Award को लागि १, Mitsubishi Public Affair Committee Award को लागि १, Asian Public Federation of UNESCO Clubs and Association Award को लागि १, National Federation of UNESCO Associations in Japan Award को लागि १ र Excellence Award को लागि ४ चित्र छनौट भएर आएका थिए । यसरी जापानबाट छनौट भएर आएका विभिन्न पुरस्कार मध्ये Grand Prix Award पाउने विद्यार्थी र निजको अभिभावकले आयोजककै खर्चमा जापानमा हुने प्रर्दशनीमा भाग लिन पाउने प्रावधान रहेको छ । यसै अनुरूप यो वर्षको Grand Prix Award बिजेता छात्रा श्री मनिषा गुरूधामी, बैजनाथ माध्यमिक विद्यालय, कञ्चनपुर, तिलकपुरले प्राप्त गर्नु भएको थियो । यस वर्ष विश्व माहामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को कारणले गर्दा आयोजक संस्थाद्वारा अवार्ड बिजेता बालबालिकाहरूलाई सदा झैं जापान भ्रमण गराउन सम्भव नभएकोले केही रकम पुरस्कारको रुपमा प्राप्त भएको हुँदा विभिन्न स्थानमा गई औपचारिक समारोह मार्फत पुरस्कृत बालबालिकाहरूलाई उक्त नगद पुरस्कार वितरण गरियो ।

मिति २०७७ फागुन २४ गते श्री बैजनाथ माध्यमिक विद्यालय, कञ्चनपुरको वार्षिकोत्सव कार्यक्रमको अवसर पारी ग्राण्ड प्रिक्स अवार्ड बिजेता छात्रा मनिषा गुरुधामीलाई रु. १ लाख ३९ हजार ४ सय नगद पुरस्कार हस्तान्तरण गर्नुको साथै विद्यालयमा निज छात्राको नाममा मनिषा गुरुधामी आर्ट कर्नर स्थापना गरी निज लगायत कलाप्रेमी बालबालिकाद्वारा सिर्जित कलाहरू सङ्ग्रह तथा प्रदर्शनको लागि रु ९२, ९६०/- उपलब्ध गराइयो । यसरी स्थापना भएको आर्ट कर्नरमा विद्याथीहरूले चित्रकला सिक्ने अवसर पाउन् भनेर Grand Prix Award विजेता छात्रा श्री मनिषा गुरूधामीलाई पछिल्लो पुस्ताले सम्म चिन्ने अवसर प्राप्त हुनेछ भन्ने विश्वासका साथ उनकै नाममा आर्ट कर्नर स्थापना गर्न नगद नै उपलब्ध गराइयो । सोही कार्यक्रममा बोल्नु हुँदै युनेस्को सचिवलायका सहायक महासचिव डा. बाबुराम अधिकारीज्यूले बालबालिकामा लुकेर रहेको प्रतिभाको पहिचान गरी भविष्यमा उनीहरूलाई अगाडि बढाउन सकिने कुरा व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा पुरस्कार विजेता मनिषा गुरूधामीसँग उहाँका अभिभावक बुबा आमाको पनि सहभागिता रहेको थियो । कार्यक्रममा विभिन्न विशिष्ट महानुभावहरूको पनि सहभागिता रहेको थियो ।

यसैगरी अवार्ड बिजेता बालबालिकाहरूलाई पुरस्कार वितरण गर्ने क्रममा श्री नीलबाराही मावि कालिमाटी काठमाडौं, श्री तरुण मावि बालाजु काठमाडौं, श्री जनसेवा मावि धुम्रा सुर्खेत र श्री बागेश्वरी मावि नेपालगञ्जमा समेत कार्यक्रमको आयोजना गरिएको थियो । महमाइ आधारभूत विद्यालय, इलाम-९, इलाम, श्री सिद्धार्थ मावि चिनीमिल, वीरगञ्ज, पर्सा र श्री गुडस्टार बेर्डिङ्ग स्कुल, धुनिवेंसी-६, धार्केबजार, धादिङ्गमा बृहत कार्यक्रमको आयोजना गरी बालबालिकाहरूले प्राप्त गरेका प्रमाणपत्र तथा आर्टका सामग्री र नगद पुरस्कार वितरण गर्ने कार्यक्रम सचिवालयको रहेको छ ।

## कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु









# "भूमण्डलीय नागरिक शिक्षा एवम् जलवायु परिवर्तन र प्राकृतिक प्रकोप सम्बन्धी सचेतना" विषयक कार्यक्रम कैलालीको घोडाघोडीमा सम्पन्न

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले आ. व. २०७७ । ७८ मा Sustainable Development Goal 4 : Education 2030 विषयमा विभिन्न क्षेत्रलाई समेट्ने गरी कार्यक्रम आयोजना गरिएको थियो । जसमा कैलालीका नगरप्रमुख ममताप्रसाद चौधरी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्रबहादुर सिंह, विभिन्न विद्यालयका विषय शिक्षक, विज्ञान शिक्षक, विभिन्न संघ संस्थासँग आवद्ध युवा प्रतिनिधिहरू, विभिन्न सञ्चार माध्यमका प्रतिनिधिहरू गरी २८ जनाको सहभागिता रहेको थियो । तालिम कार्यक्रम मिति २०७७ चैत्र ११ र १२ गते कैलालीको घोडाघोडीमा सञ्चालन भएको थियो । अभिमुखिकरण कार्यक्रमको अध्यक्षता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्रबहादुर सिंहले गर्नु भएको थियो भने प्रमुख आतिथ्यता नगर प्रमुख श्री ममताप्रसाद चौधरीले गर्नु भएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै श्री चौधरीले जलवायु परिवर्तन आजको प्रमुख चुनौतीको रुपमा रहेको र यसलाई समयमै व्यवस्थापन गर्न नसके यसले प्रकृति र प्राणी जगतको सन्तुलित निरन्तरतामा नै गम्भीर सङ्कट ल्याउन सक्ने भएकोले सबैले यसको व्यवस्थापनको लागि जिम्मेवार नागरिकको रुपमा भूमिका निर्वाह गर्न ढिलाइ गर्न नहुने धारणा राख्नु भएको थियो । जैविक विविधताले भरिपूर्ण घोडाघोडी ताल यस क्षेत्रकै आकर्षण भएकोले यसको उचित संरक्षण र संवर्धन गरी आन्तरिक तथा वाह्य पर्यटकीय गन्तब्यको रुपमा स्थापित गराउने तर्फ नगरपालिका प्रयत्नशील रहेको जानकारी गराउनु हुँदै यसमा सम्पूर्ण नगरबासीको

सकारात्मक र रचनात्मक सहयोग अपेक्षा गर्नु भयो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्धेश्य, कार्य सञ्चालन पद्धतिको बारेमा सचिवालय सचिव श्री युवराज पौडेलले प्रकाश पार्नु भयो भने युनेस्कोको परिचय, यसका आदर्श, मूल्यमान्यता, उद्धेश्य, यसका विषय क्षेत्र र यसले गरिरहेका क्रियाकलापहरू, नेपाल राष्ट्रिय आयोगसम्बन्धी जानकारी तथा एएसपीनेट सम्बन्धी संक्षिप्त प्रस्तुती युनेस्को सचिवालयका कम्प्युटर अधिकृत श्री उषा पोखरेलले गर्नु भएको थियो ।

यसका अतिरिक्त प्राविधिक सत्रको सञ्चालनको क्रममा सचिवालय सचिव श्री युवराज पौडेलले दिगो विकास लक्ष्य: लक्ष्य ४ र लक्ष्य १३ को विषयमा संक्षिप्त प्रस्तुतीकरण गर्नुको साथै विश्व नागरिक तथा भूमण्डलीय/ विश्व नागरिक शिक्षाका विविध पक्षहरूको विषयमा विस्तृत चर्चा गर्नु भयो । श्री राष्ट्रिय मा.वि. सुखड, कैलालीका माध्यमिक शिक्षक श्री गोविन्द बहादुर सिंहले सहजीकरण गर्ने सिलसिलामा जलवायु के हो ?, जलवायुका प्रकारहरू, मौसम/हावापानी/जलवायु, जलवायु परिवर्तन के हो? जलवायु परिवर्तनका कारणहरू,जलवायु परिवर्तनको trends, आदि सान्दर्भिक विषयमा विस्तृत चर्चा गर्नु भयो भने अर्का सहजकर्ता श्री राष्ट्रिय मा.वि. सुखड, कैलालीका माध्यमिक तहका शिक्षक श्री राजु बस्नेतले प्राकृतिक प्रकोप के हो?, प्राकृतिक प्रकोप र दैवी प्रकोपमा भिन्नता, यसका प्रकारहरू, यसका कारणहरू, नेपालले सामना गरिरहेका प्राकृतिक प्रकोपहरू, विभिन्न क्षेत्रमा यसले पार्ने असर तथा बहुआयामिक प्रभावहरू, प्रकोप रोकथाममा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू र रोकथामका उपायहरु लगायत यस क्षेत्रसँग सम्बन्धित अन्य सान्दर्भिक विषयमा सहभागीहरूलाई जानकारी गराउनु भयो । कार्यक्रम अत्यन्तै सहभागितामूलक र अन्तर्क्रियात्मक भएको थियो ।

## कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु










United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

## २०७७ मंसिरदेखि २०७७ चैत्रसम्ममा युनेस्को सचिवालयद्वारा कार्यक्रम सञ्चालन गरिएका स्थानहरू

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन गरिएको स्थान | | | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|---|
| | | प्रदेश | जिल्ला | स्थान | |
| १. | युनेस्को क्लब तथा संघ संस्थाहरूको राष्ट्रिय महासंघ परिचालन | गण्डकी | तनहुँ | दमौली | मङ्सिर |
| | | लुम्बिनी | बाँके | नेपालगञ्ज | फागुन |
| | | कर्णाली | जाजरकोट | जाजरकोट | फागुन |
| | | सुदूरपश्चिम | कञ्चनपुर | महेन्द्रनगर | फागुन |
| २. | दिगो विकासका लागि शिक्षासम्बन्धी कार्यशाला गोष्ठी | कर्णाली | कालिकोट | मान्म | पुस |
| | | कर्णाली | सुर्खेत | वराहताल, रानीघाट | पुस |
| ३. | युनेस्कोका विषयहरूमा आधारित सार्वजनिक परीक्षण कार्यक्रम | कर्णाली | सल्यान | खलङ्गा | फागुन |
| | | कर्णाली | रुकुम पश्चिम | मुसिकोट | फागुन |
| | | प्रदेश नं. २ | सप्तरी | राजविराज | चैत्र |
| | | प्रदेश नं. २ | रौतहट | गौर | चैत्र |
| ४. | सांस्कृतिक सम्पदा (भौतिक/अभौतिक) संरक्षण एवम् सम्बर्धनमा युवा अभियान | बाग्मती | काठमाडौं | बुढानीलकण्ठ | माघ |
| | | लुम्बिनी | कपिलवस्तु | तौलिहवा | माघ |
| | | प्रदेश नं. २ | महोत्तरी | मटिहानी | माघ |
| ५. | रुपान्तरणको निम्ति ससिक्नको लागि सिर्कौं नागरिक सहभागिता कार्यक्रम | प्रदेश नं. १ | सुनसरी | चतराधाम | चैत्र |
| ६. | भूमण्डलीय नागरिक शिक्षा एवम् जलवायु परिवर्तन र प्राकृतिक प्रकोपसम्बन्धी सचेतना कार्यक्रम | सुदूरपश्चिम | कैलाली | घोडाघोडी, सुखड | चैत्र |
| ७. | युनेस्कोका नवप्रवर्तनहरूको प्रचारप्रसारसम्बन्धी क्रियाकलाप | प्रदेश नं. १ | तेह्रथुम | लालीगुराँस, सोल्मा | मङ्सिर |
| | | प्रदेश नं. २ | महोत्तरी | मटिहानी | मङ्सिर |
| | | बाग्मती | नुवाकोट | ककनी | मङ्सिर |
| | | गण्डकी | गोरखा | अजिरकोट | मङ्सिर |


**प्रमुख सल्लाहकार**
श्री रामप्रसाद थपलिया

**विशेष सल्लाहकार**
डा. बाबुराम अधिकारी

**सल्लाहकार**
श्री युवराज पौडेल

**सम्पादक**
श्री युवराज पौडेल
श्री इन्दिरा बुढाथोकी

**कम्प्यूटर**
श्री उषा पोखरेल
श्री पदम राज जोशी

**व्यवस्थापक**
श्री प्रशान्त भट्टराई
श्री विक्रम बानियाँ

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी
श्री शेर बहादुर तामाङ

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेवसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com